तलकोट गाउँपालिका
Talkot Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

तलकोट, बझाङ्ग सुदूरपश्चिम प्रदेश,नेपाल
Talkot, Bajhang Sudhurpashchim Province, Nepal

पत्र संख्या: २०८०/०८१
चलानी संख्या: १२६९ नेसं. ११४४ मिति: २०८१/०२/१७ गते

विषयः IEMIS अद्यावधिक गर्ने सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै।
तलकोट गाउँपालिका बझाङ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं २०८०/०८१ ,च.नं ८१ तथा मिति २०८१ /०२/०६ को पत्रानुसार सबै प्रकार र तह ( सामुदायिक र संस्थागत) का विद्यालयहरु बाट प्रत्येक शैक्षिक सत्रको शुरु र अन्त्यमा क्रमश Flash I र Flash II School Census अन्तर्गत विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली ( Integrated Educational Management Information System - IEMIS ) मा विद्यालय शिक्षा सँग सम्बन्धित तथ्याङ्क Web Based sysyem मा व्यवस्थापन गरी तिनको सङ्कलन ,एकीकरण,विश्लेषण ,प्रतिवेदन तयारी प्रवोधिकरण र प्रकाशन गर्दै सो को आधारमा योजना निर्माण,कार्यान्वयन अनुगमन मूल्याङ्कन कार्यहरु हुँदै आइरहेकोले शैक्षिक सत्र २०८१ को विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क मिति २०८१ असार १५ गते भित्र सबै प्रकारका विद्यालयहरुले देहाय अनुसार अद्यावधिक गर्न हुन अनुरोध छ। यस विषयमा कुनै द्विविधा भएमा केन्द्रको वेबसाइट www.cehrd.gov.np मा रहेको सहजीकरण पुस्तिका, युट्युब ( IEMIS CEHRD Nepal ), Facebook ( Iemis Cehrd Nepal ) मा रहेका सूचना तथा जानकारी अध्ययन गरि सोको सहयोग लिइ अद्यावधिक गर्नहुन समेत अनुरोध छ।

**<u>विद्यालयले गर्नुपर्ने कार्य</u>**

१. विद्यालयले यस प्रणालीमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रुपमा अद्यावधिक गर्ने। ( सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थिले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकोले सबै विवरणहरु त्रुटीरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने। वास्तविक विवरण नभरेको / अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट वञ्चित भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक नै जिम्मेवार हुने भएकोले यस कार्यमा प्रधानाध्यापकले विशेष ध्यान दिने।

२. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेवपेज https://emis.cehrd.gov.np खोलेर User (विद्यालयको IEMIS कोड ) र आफ्नो पासपोर्ड प्रयोग गरी लगइन गर्ने।

३. Dashboard को सुरुमा रहेको School Profile ( Basic Profile,ECD Information Management and Others ) मा रहेका विवरणहरु अद्यावधिक गर्ने।

४. Student Information मेनुको Scholarship मा गएर छात्रवृत्ति को विवरण भर्ने र विद्यार्थीको वार्षिक हाजरी दिन प्रविष्ट गर्ने।

५. त्यसपछि Manage Eexam मा गएर विद्यार्थीको शैक्षिक सत्र २०८० को अन्तिम परीक्षाको उपलब्धि विवरण प्रविष्ट गर्ने अनि क्रमशः Student Information मा गएर Upadate मेनुमा रहेका Passed,Passed and Transfer ,Double Promoted, Repeated, And Transfer,Droupout) गर्ने।

पत्र संख्या: २०८०/०८१
चलानी संख्या: ने.सं. ११४४ मिति: २०८१/०२/१७ गते

६. आफ्नो विद्यालयबाट अन्ययत्र विद्यालयमा स्थानान्तरण भइ जाने विद्यार्थीलाई Student Record मा रहेको Student Transfer मा गई उक्त विद्यार्थी जुन विद्यालयमा गई भर्ना भएको छ सो विद्यालय छानी Transfer मा Click गर्ने ।

७. Transfer भइ आएका विद्यार्थीको विवरण Student Accept मा गई विद्यार्थीको लिष्ट हेरी Accept गर्ने ।

८. पूर्व प्राथामिक तह ( ECD/ PPC का सबै र कक्षा १ मा ( ECD /PPC को अनुभव लिई कक्षा १ मा आएका बाहेकका ) भर्ना हुन आएका बालबालिकालाई मात्र Add Student विवरण प्रविष्ट गर्ने ।

९. कक्षा २ वा सो भन्दा माथिल्लो कक्षामा भर्ना हुन आउने विद्यार्थीको हकमा अघिल्लो विद्यालयबाट स्थानान्तरण प्रमाणपत्र ( IEMIS को रजिष्ट्रेशन नम्वर सहित ) ल्याउन लगाई Student Accept मा रहेका विद्यार्थी Search गरी आफ्नो विद्यालयमा भर्ना हुन आएको विद्यार्थीको विवरण Accept गर्ने , अघिल्लो विद्यालयले Transfer गर्न बाँकी रहेछ भने उक्त विद्यालयलाई Trnsfer गर्न अनुरोध गरी विद्यार्थी विवरण Accept गर्ने ।

१०. सबै विद्यालय ( ECD देखि कक्षा १२ सम्म सञ्चालन भएका ) हरुले आ-आफ्नो विद्यालयको IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने

११. Dash Board मा रहेको Teacher/ Staff Menu मा गई शिक्षक तथा कर्मचारीको विवरण अद्यावधिक गर्ने यसैमा अद्यावधिक गरिएको विवरणका आधारमा IEMIS बाट नै शिक्षक कर्मचारीहरुको तलब भत्ताको माग फारम तयार गर्ने कार्य भइ रहेकोले त्रुटीरहित तरिकाले उक्त विवरण अद्यावधिक गर्ने ।

१२. SMC मने मा गई विद्यालय व्यवस्थापन समिति सम्बन्धि विवरणहरु अद्यावधिक गर्ने ।

१३. Infras. ( Infrastructure ) Inventory Menu मा गई विद्यालयमा रहेका सम्पूर्ण भौतिक संरचना र विद्यालय नङ्साङ्कन ( School Mapping ) सम्बन्धि विवरण अद्यावधिक गर्ने ।

१४. बाढी,पहिरो,हावा हुरी भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धि विवरण भर्ने स्थानहरु भएकोले यदि उपयुक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा EIE Menu मा रहेको सम्पूर्ण विवरणहरु तत्काल अपडेट गर्ने ।

१५. सामाजिक परीक्षण IEMIS बाट प्राप्त हुने School Report Card प्रयोग गरी र आर्थिक परीक्षण गरेको,विद्यालय सुधार योजना बनेको अद्यावधिक भएको , विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन मिति लगायत सबै विवरणहरु अनिवार्य रुपमा अद्यावधिक गर्ने ।

हरिन्द्र उपाध्याय
प्राविधिक सहायक

हरिन्द्र उपाध्याय
शाखा प्रमुख